# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० भदौ ३१ गते

## दोषी पत्ता लगाई कारबाही गर

नेकपा-माओवादीद्वारा आह्वान गरिएको बन्दका क्रममा काभ्रे जिल्लामा वा २ ख ५६७२ नम्बरको बसमा भएको आगजनी एवम् जोरजबजस्तीका घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

लोकतान्त्रिक परिपाटीमा आफूलाई चित्त नबुझेको विषयमा शान्तिपूर्ण ढङ्गले विरोध गर्ने अधिकार भए पनि आगजनी, तोडफोडजस्ता हिंसात्मक गतिविधिबाट भयरहित वातावरणमा बाँच्न पाउने सर्वसाधारणको अधिकार कुण्ठित हुन पुग्छ । त्यसकारण नागरिकलाई आतङ्कित तुल्याउने र जनधनको क्षति गर्ने क्रियाकलापमा संलग्न व्यक्तिहरूको परिचान गरी उनीहरूविरुद्ध कानुनी कारबाही अघि बढाउन आयोग सरकारसँग आग्रह गर्दछ ।

यसैगरी, चित्त नबुझेका कुराहरू आपसी वार्ता र सहमतिको माध्यमबाट टुङ्गोमा पुग्न पनि आयोग सबै सरोकारवालाहरूसँग आग्रह गर्दछ ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org